# महाशिला कृषि संस्था (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०८१

**प्रस्तावनाः-** गाउँपालिकाभित्र रहेका बाँझो जग्गाको समुचित उपयोग मार्फत कृषि तथा पशुसेवाको क्षेत्रमा उत्पादन र उत्पादकत्व अभिवृद्धि गरी आय, उत्पादन र रोजगारी वृद्धि गर्न बाञ्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी

गाउँसभाको सत्रौं अधिवेशनले यो ऐन बनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः-** (१) यस ऐनको नाम महाशिला कृषि संस्था (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०८१ रहेको छ ।

(२) यो ऐन प्रमाणिकरण भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषाः-** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा-

(क) अध्यक्ष भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनुपर्दछ ।

(ख) आर्थिक विकास समिति भन्नाले गाउँपालिकाको आर्थिक विकास समिति सम्झनुपर्दछ ।

(ग) आचरण विपरीतको कार्य भन्नाले संस्थाको हित प्रतिकूल हुने गरी गरेको कार्य, संस्था र गाउँपालिकाबिरुद्धमा प्रकट हुने भाषिक वा लिखित वक्तव्य वा नैतिक प्रश्न समावेश हुने व्यक्तिगत वा सामाजिक कार्य सम्झनुपर्दछ ।

(घ) उपाध्यक्ष भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्दछ ।

(ङ) ऐन भन्नाले महाशिला कृषि संस्था (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०८१ सम्झनुपर्दछ ।

(च) कर्मचारी भन्नाले यस ऐन बमोजिम तोकिएका कर्मचारी सम्झनुपर्दछ ।

(छ) कार्यकारी निर्देशक भन्नाले दफा ९ बमोजिम नियुक्त हुने कार्यकारी निर्देशक सम्झनुपर्दछ ।

(ज) कार्यपालिका भन्नाले महाशिला गाउँपालिका, पर्वतको गाउँकार्यपालिका सम्झनुपर्दछ ।

(झ) कार्यालय भन्नाले महाशिला कृषि संस्थाको कार्यालय सम्झनुपर्दछ ।

(ञ) गाउँपालिका भन्नाले महाशिला गाउँपालिका, पर्वत सम्झनुपर्दछ ।

(ठ) प्रमुख प्रशासकीय अधिकृत भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्दछ

(ड) लिजमा प्राप्त हुने जग्गा भन्नाले गाउँपालिकामा दर्ता भै यस नियमावली बमोजिम काम गर्ने संस्थाले सार्वजनिक सूचना प्रकाशित गरी करारनामा मार्फत कृषि कार्यका लागि प्राप्त हुने जग्गा सम्झनुपर्दछ ।

(ड) समिति भन्नाले दफा ५ बमोजिम गठन भएको संचालक समिति सम्झनुपर्दछ ।

(ढ) सहकारी भन्नाले गाउँपालिकाभित्र सञ्चालित कृषि सहकारी सम्झनुपर्दछ

(ण) श्रमिक भन्नाले मौसमी वा आवधिक रुपमा खटाइएका ज्यालादारी श्रमिक सम्झनुपर्दछ ।

## परिच्छेद २

## कार्यालय स्थापना, सञ्चालन तथा काम कर्तव्य र अधिकार

**३. कार्यालय स्थापनाः**- (१) दफा ५ बमोजिम गठित समितिबाट संस्थाको प्रबन्धपत्र स्वीकृत भै गाउँपालिकाको कार्यालयमा दर्ता हुनेछ ।

(२) कार्यालय स्थापना तथा सञ्चालनका लागि कार्यकारी निर्देशकको नियुक्ति गाउँपालिकाको कार्यालयले गर्नेछ ।

**४. काम कर्तव्य र अधिकारः**- संस्थाको काम कर्तव्य र अधिकार निम्न बमोजिम हुनेछ ।

(१) समितिको सिफारिश बमोजिमका कृषि तथा पशु उपज उत्पादनका लागि गाउँपालिकाभित्रका जग्गा लिजमा लिने ।

तर जग्गा लिजमा प्राप्त गर्दा कृषि क्षेत्र भनी उल्लेख भएको जग्गा मात्र प्राप्त गरिनेछ ।

(२) लिजमा प्राप्त जग्गामा श्रमिकको प्रयोग गरी कृषि उत्पादनका कार्य गर्ने ।

(३) संस्थाले उत्पादन गरेका कृषि उपज तथा कृषकहरुबाट खरिद गर्ने कृषि उपजहरुको बजारीकरण गर्ने ।

(४) कृषि उत्पादनका लागि आवश्यक बीउ बिजन तथा अन्य सामग्री खरिद गर्ने ।

(५) "कृषकसँग अध्यक्ष" कार्यक्रमको संचालन र व्यवस्थापन गर्ने ।

## परिच्छेद ३

## संचालक समितिको गठन, काम, कर्तव्य र अधिकार

**५. संचालक समितिको गठनः**- (१) संस्थाको सामान्य रेखदेख, निर्देशन र नियन्त्रणका लागि एक संचालक समिति रहनेछ ।

(२) संचालक समितिमा निम्न बमोजिमका सदस्य रहनेछन ।

(क) गाउँपालिका अध्यक्ष---------------------------------------------अध्यक्ष

(ख) गाउँपालिका उपाध्यक्ष-------------------------------------------सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत----------------------------------------सदस्य

(घ) सभापति, आर्थिक विकास समिति--------------------------------सदस्य

(ङ) कार्यपालिकाबाट मनोनित एक जना महिला सदस्य---------------------सदस्य

(च) गाउँपालिकाभित्रको व्यवसायिक कृषि उद्यमी वा कृषि सहकारीको अध्यक्ष---सदस्य

(छ) कार्यकारी निर्देशक------------------------------------------------सदस्य सचिव

(३) उपदफा (२)(च) को लागि सदस्यको छनौट संचालक समितिका अन्य सदस्यहरुको सर्वसम्मतिबाट हुनेछ ।

(४) कार्यकारी निर्देशकको नियुक्तिपूर्वका लागि प्रमुख प्रशासकीय अधिकृतले सदस्य सचिवको रुपमा कार्य गर्नेछ ।

**६. काम, कर्तव्य र अधिकारः**- (१) संस्थाको सामान्य रेखदेख, निर्देशन र नियन्त्रण संचालक समितिले गर्नेछ ।

(२) संचालक समितिको सामान्य काम, कर्तव्य र अधिकार निम्न बमोजिम रहनेछ ।

(क) संस्थाको प्रबन्धपत्र स्वीकृत गर्ने ।
(ख) कार्यकारी निर्देशकको नियुक्तिसम्बन्धि कामकारबाही संचालन गर्ने ।
(ग) पाठ्यक्रम स्वीकृत गर्ने ।
(घं) संस्थाको वार्षिक कार्ययोजना स्वीकृत गर्ने ।
(ङ) कृषकहरुको कृषि उपज खरिदका लागि न्यूनतम दररेट (समर्थन मूल्य) निर्धारण गर्ने
(च) जग्गा लिजमा लिने सम्बन्धि कामकारबाहीको निर्णय गर्ने ।
(छ) कर्मचारीको आचरण सम्बन्धमा प्राप्त हुने गुनासोको आवश्यक कामकारबाही गर्ने ।
(ज) सेवासुविधा निर्धारण गर्ने ।
(झ) समितिले कामकारबाही गर्नुपर्ने भनी कार्यकारी निर्देशकबाट प्राप्त व्यहोरा उचित ठहरिएमा सो सम्बन्धमा आवश्यक कामकारबाही गर्ने ।

**७. समितिको बैठकः**-(१) समितिको बैठक साधारणतया महिनाको एक पटक बस्नेछ ।
माथि जुनसुकै कुरा लेखिएको भएता पनि आवश्यकता बमोजिम एक महिनामा एक पटकभन्दा बढी बैठक बस्नका लागि यस उपदफाले बाधा पुऱ्याउनेछैन ।
(२) समितिको बैठक अध्यक्षको निर्देशनमा सदस्य सचिवले मिति, समय र स्थान तोकी आह्वान गर्नेछ ।
(३) समितिको बहुमत सदस्यको उपस्थितीलाई गणपूरक संख्या मानिनेछ ।
(४) समितिको निर्णय साधारणतया सर्वसम्मतिमा हुनेछ । सर्वसम्मति कायम हुन नसकेमा उपस्थित सदस्य संख्याको बहुमतको निर्णय नै समितिको निर्णय हुनेछ ।
(५) समितिले आवश्यकता बमोजिम कुनै विषयविज्ञ वा सम्बन्धित क्षेत्रमा कामकाज गर्दै आएको व्यक्ति वा कृषि उत्पादन वा कृषि बजारीकरणको क्षेत्रमा क्रियाशिल संस्थाको प्रतिनिधीलाई आमन्त्रित सदस्यको रुपमा बैठकमा आमन्त्रण गर्न सक्नेछ । तर त्यस्तो आमन्त्रित सदस्यलाई निर्णयमा अधिकार रहनेछैन ।
(६) समितिको बैठक वापत प्रति बैठक प्रति सदस्य रु १०००।- (एक हजार) बैठक भत्ता प्रदान गरिनेछ ।

## परिच्छेद ३
## कर्मचारी व्यवस्थापन

**८. कर्मचारीको व्यवस्थाः**- (१) संस्थाको नियमित कार्यका लागि देहाय बमोजिमको कर्मचारी दरबन्दी रहनेछ ।
कार्यकारी निर्देशक---------------------------------------------------१
नायब प्राविधिक सहायक, पाचौं तह (कृषि)-------------------------------१
नायब प्राविधिक सहायक, चौथो तह (कृषि)-------------------------------१
बजार व्यवस्थापक, चौथो तह------------------------------------------१
कार्यालय सहयोगी---------------------------------------------------१
(२) विभिन्न प्राविधिक शिक्षालयबाट ओजेटीका लागि खटिइ आउने प्रशिक्षार्थी विद्यार्थीलाई समेत कामकाजमा खटाउन सकिनेछ ।

(३) कृषि उत्पादनको कार्यको लागि संस्थाले निश्चित अवधिका लागि दैनिक ज्यालादारीमा श्रमिकलाई मौसमी वा आवधिक कामदारका रुपमा काममा खटाउन सक्नेछ। निजहरुलाई भुक्तानी गर्ने दैनिक ज्यालादारी रकम तोकिए बमोजिम हुनेछ।

**९. कर्मचारीको नियुक्तिका योग्यता तथा आधारहरुः-** (१) कर्मचारीको नियुक्ति खुल्ला विज्ञापनमार्फत प्रतिस्पर्धात्मकरुपमा हुनेछ।

(२) कार्यकारी निर्देशकको नियुक्तिका लागि निम्न बमोजिमको योग्यता तथा प्रक्रिया हुनेछ।

(क) कृषि विषयमा कम्तिमा स्नातक तह उत्तीर्ण भएको

(ख) कृषि क्षेत्र (उत्पादन वा बजारीकरण) मा कम्तिमा १ वर्षको अनुभव भएको

(ग) २१ वर्ष उमेर पुगी ३५ वर्ष ननाघेको (तर महिलाको हकमा ४० वर्ष ननाघेको)

(घ) कार्यकारी निर्देशकको नियुक्तिका लागि तोकिएको योग्यता पुगेका आवेदकहरुमध्येबाट प्रस्ताव आह्वान गरी उत्कृष्ट प्रस्तावदातालाई छनौट गरिनेछ। त्यस्तो प्रस्तावदाताको छनौट तोकिएको मापदण्डका आधारमा समितिले गर्नेछ।

(३) नायब प्राविधिक सहायक (पाचौं/चौथा तह) को कर्मचारीको योग्यता तथा छनौट परिक्षाः-

(क) उक्त पदहरुका लागि न्यूनतम योग्यता लोकसेवा आयोगले सोही पदका लागि निर्धारण गरेको योग्यता बमोजिम हुनेछ।

(ख) उक्त पदहरुको परिक्षा वस्तुगत लिखित (१०० पूर्णाङ्क) तथा अन्तर्वार्ता (३० पूर्णाङ्क) को माध्यमबाट हुनेछ।

(४) बजार व्यवस्थापक (चौथो तह) को कर्मचारीको योग्यता छनौट परिक्षाः- (क) कृषि तर्फको कम्तिमा १८ महिनाको कोर्ष पूरा गरी उत्तीर्ण भएको वा बजारशास्त्र विषय सहित व्यवस्थापन संकायमा माध्यमिक शिक्षा (दश जोड दुई) उत्तीर्ण भएको।

(ख) उक्त पदको परिक्षा लिखित (१०० पूर्णाङ्क) तथा अन्तर्वार्ता (३० पूर्णाङ्क) को माध्यमबाट हुनेछ।

(५) कार्यालय सहयोगी पदको कर्मचारीको योग्यता तथा छनौट परिक्षाः- (क) कम्तिमा एस.एल.सी./एस.ई.ई. परिक्षा उत्तीर्ण भएको।

(ख) उक्त पदको छनौट परिक्षा अन्तर्वार्ताको माध्यमबाट हुनेछ।

**१०. पाठ्यक्रम तथा पदपूर्ति समितिः-** (१) नायब प्राविधिक सहायक (पाचौं/चौथो तह) र बजार व्यवस्थापक (चौथो तह) पदको लागि लिइने परिक्षाको पाठ्यक्रम कार्यकारी निर्देशकको सिफारिशमा समितिले निर्धारण गर्नेछ।

(२) नायब प्राविधिक सहायक (पाचौं/चौथो तह), बजार व्यवस्थापक (चौथो तह) र कार्यालय सहयोगी पदको लागि सञ्चालन गरिने परिक्षा सञ्चालन तथा सिफारिशका लागि निम्न बमोजिमको पदपूर्ति समिति रहनेछ।

(क) प्रमुख, प्रशासन शाखा, गाउँपालिकाको कार्यालय-----------संयोजक

(ख) प्रमुख, कृषि शाखा, गाउँपालिकाको कार्यालय--------------सदस्य
(ग) कार्यकारी निर्देशक------------------------------------सदस्य सचिव

**११. सेवा सुविधाः**- नियम ५ बमोजिमको दरबन्दीमा रहने कर्मचारीको सेवा सुविधा निम्न बमोजिम हुनेछ ।

(१) कार्यकारी निर्देशकको पारिश्रमिक रकम संघीय निजामती सेवा ऐन बमोजिम नेपाल कृषि सेवाको रा.प. तृतीयस्तरको कर्मचारीले पाउने तलब बराबर हुनेछ । निजको अन्य सेवा सुविधा समितिले तोके बमोजिम हुनेछ ।

(२) अन्य कर्मचारीहरुको पारिश्रमिक संघीय निजामती सेवाको सो सेवा समूहको सोही पदमा कार्यरत रहने कर्मचारीले पाउने पारिश्रमिक रकमभन्दा बढी नहुने गरी आपसी करार सम्झौता मार्फत निर्धारण गरिनेछ । त्यस्तो रकमको निर्धारण समितिले गर्नेछ ।

(३) बिदाको हकमा सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

**१२. सेवा अवधिः**- (१) यस नियमावली बमोजिम पदपूर्ति हुने कर्मचारीको सेवा अवधि करार सम्झौतामार्फत निर्धारण हुनेछ ।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएता पनि निजहरुको कार्यसम्पादन सन्तोषजनक नभएमा वा निजहरुले आचरण विपरीतको कार्य गरेको पाइएमा कार्यकारी निर्देशकको हकमा स्पष्टिकरण पेश गर्ने मनासिब माफिकको समय दिई निजले पेश गरेको स्पष्टिकरण समितिलाई चित्तबुझ्दो नभएमा र अन्यको हकमा ७ दिनको सूचना दिई जुनसुकै बेला सेवाबाट हटाउन सकिनेछ । सेवाबाट हटाउने वा नहटाउने विषयको निर्णय समितिले गर्नेछ ।

## परिच्छेद ४
## आर्थिक श्रोतको व्यवस्थापन तथा लेखाङ्कन

**१३. आर्थिक श्रोतको प्राप्तिः**- (१) संस्थाको एक छुट्टै बैंक खाता रहनेछ । त्यस्तो खातामा जम्मा हुने रकम देहाय बमोजिमका श्रोतबाट प्राप्त हुनेछ ।

(क) गाउँपालिकाले वार्षिक बजेटमार्फत उपलब्ध गराउने रकम ।
(ख) संस्थाले कृषि उपजको बिक्रीबाट प्राप्त गर्ने रकम ।

(२) संस्थाले कृषकहरुबाट खरिद गर्ने कृषि उपजको भुक्तानी सोही खातामार्फत गर्नेछ ।

**१४. आर्थिक कारोबारको लेखाङ्कनः**- (१) संस्थाको खाता सञ्चालन कार्यकारी निर्देशक र गाउँकार्यपालिकाको कार्यालयको आर्थिक प्रशासन शाखामा कार्यरत कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

(२) कारोबारको लेखाङ्कन तथा अभिलेख राख्ने र लेखापरिक्षण गर्ने गराउने जिम्मेवारी कार्यकारी निर्देशकको हुनेछ ।

(३) संस्थाको कारोबारको लेखापरिक्षण महालेखापरिक्षकको कार्यालयबाट हुनेछ ।

## परिच्छेद ५
## विविध

**१५. कृषकसँग अध्यक्ष कार्यक्रमः-** (१) संस्थाले कृषक र गाउँपालिकाबीच कृषि कार्यक्रमहरुमा प्रत्यक्ष सम्बन्ध कायम गर्न **कृषकसँग अध्यक्ष** कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(२) कृषकसँग अध्यक्ष कार्यक्रमको संचालन तोकिए बमोजिम हुनेछ ।

**१६. ऋण उपलब्ध गराउन सक्नेः**- (१) समितिले तोके बमोजिमका कृषि उपजको उत्पादन वा खेती गर्नका लागि कृषि ऋण आवश्यक परेमा संस्थाले सहुलियतपूर्ण कृषि ऋण उपलब्ध गराउन सक्नेछ ।

तर त्यस्तो ऋण रकम संस्थालाई गाउँपालिकाबाट प्राप्त अनुदान रकमबाट उपलब्ध गराउन सकिने छैन ।

(२) सहुलियतपूर्ण कृषि ऋणको प्राप्ति, उपयोग तथा चुक्तासम्बन्धि व्यवस्था कृषकसँग अध्यक्ष कार्यक्रममा तोकिए बमोजिम हुनेछ ।

**१७. प्रगति विवरणः**- (१) यस नियमावली बमोजिमको कामकारबाहीको वार्षिक प्रगति विवरण कार्यकारी निर्देशकले आर्थिक वर्ष सकिएको ३० दिनभित्र समितिसमक्ष पेश गर्नेछ ।

**१८. प्रचलित कानून बमोजिम हुनेः**- यस ऐनमा लेखिएको विषयमा यसै बमोजिम र अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**१९. बाधा अड्काउ फुकाउन सक्नेः** यस ऐनको कार्यान्वयमा कुनै द्धिविधा उत्पन्न भएमा गाउँकार्यपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशित गरी बाधा अड्काउ फुकाउन सक्नेछ ।

**२०. नियम बनाउन सक्नेः**-समितिले यस ऐनको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्नेछ ।